# राजविराज नगरपालिका

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि२०७५

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता,विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथाश्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी राजविराज नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम राजविराज नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" रहेकोछ ।

(२) यो कार्यविधि राजविराज नगरपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

**(२) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**
प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेकयस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(३) नयाँइजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामासार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस राजविराज नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४)उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिमनगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(४)इजाजतपत्रको अवधि र नवीकरण** :

(१)दफा ३ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ५ बमोजिम खारेज भएको वाप्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेकचालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित राजविराज नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**(५) इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग)सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३)दफा ४ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(४) उपदफा(१) वा(३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६)प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमालेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७)बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची १

कार्यविधिको दफा ३ को उपदफा (१) संग सम्बन्धित

## विषयः- इजाजतपत्र पाँउ भन्ने बारे ।

दर्खास्तवालाको फोटो

श्री राजविराज नगर कार्यपालिकाको कार्यालय,
राजविराज, सप्तरी ।

यस नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन देहायको विवरण भरि यो दर्खास्त पेश गरिएको छ ।

१. दर्खास्त पेश गर्ने फर्म वा कम्पनीको

नामः

ठेगानाः

पोष्टबक्स नं. टेलिफोन नं. फ्याक्स नं.

मोवाइल नं. इमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः(कुनै एकमा चिह्न लगाउनुहोस)

क) प्राइभेट लिमिटेड कम्पनी ख) पव्लिक लिमिटेड कम्पनी

ग) एकलौटी घ) साझेदारी

३. सम्पर्कका लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिकोः

नाम थरः ठेगानाः

पोष्टबक्स नं. टेलिफोन नं. फ्याक्स नं.

मोवाइल नं. इमेलः

४. फर्म वा कम्पनीको विवरणः

दर्ता नं. दर्ता मितिः

अधिकृत पुँजीः जारी पुँजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजतपत्र लिन चाहेको वर्गः घ वर्ग

६.समूहीकरण हुन चाहेको समूह

७. आर्थिक श्रोतको विवरण

| खाताको किसिम | रकम | वित्तिय संस्थाको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरणः

(क) प्राविधिक

(ख) अप्राविधिक

(ग) अन्य

प्राविधिक कर्मचारीको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र मंजुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन तथा मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्व कागजात (दर्ता प्रमाणपत्र) र उक्त सवारी साधन तथा मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनि मेकानिकल इञ्जिनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजातः

क. ख. ग.

यस दर्खास्त फाराममा उल्लिखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बझाउँला ।

निर्माण व्यवसायीको छाप

दर्खास्तवालाकोः

दस्तखतः

मितिः

द्रष्टव्यः यस दर्खास्त फाराममा उल्लिखित व्यहोरा पुष्टि गर्न सम्बन्धितकागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने छ र कार्यालयले मागेको बखत सक्कल कागजात पनि पेश गर्नु पर्नेछ ।

अनुसूची २

कार्यविधिको दफा ३ को उपदफा (१) र दफा ४ को उपदफा (३) संग सम्बन्धित

| क.सं. | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | कैफियत |
|---|---|---|---|---|
| | ३०००।०० | १५००।०० | १५००।०० | |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी कार्यविधि २०७५ को दफा ४ को उपदफा २ बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुरमात्र तिर्नुपर्नेछ ।

अनुसूची -३

कार्यविधि को दफा २ कव उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

राजविराज, सप्तरी

# इजाजत पत्र

इजाजतपत्र नं.:-.........................        मिति:-............../........./........

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ...................................................................... स्थित कार्यालय भएको........................................................................................................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ।

**घ**
**वर्ग**

इजाजतपत्र दिनेअधिकारी:

नाम:-

दस्तखत:-

पद:-

मिति:-

कार्यालय:- राजविराज नगर कार्यपालिका

नवीकरण:

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ......................... | ......................... | | | ......................... | ......................... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | .................. | .................. | ......................... | ......................... | ......................... | ......................... | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | .................... | .................... | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसुची-५

## **"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिलइन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग)Theodolite/Level Machine(एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँदर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।